# कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

रेडक्रस ग्राम, चितवन, बाग्मती प्रदेश, नेपाल

## चितवन जिल्ला, कालिका नगरपालिकाको वडा नं. १० स्थित कयर खोला माथि पक्की पुल निर्माणका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारीको सिलसिलामा राय सुझावको लागि जारी गरिएको सार्वजनिक सूचना

**(प्रकाशित मितिः२०८१-०२-२३)**

बाग्मती प्रदेश, चितवन जिल्ला, कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रेडक्रसग्राम, चितवन, नेपालद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रेडक्रसग्राम, चितवन, बाग्मती प्रदेश, नेपाल |
| प्रस्तावको व्यहोरा | चितवन जिल्ला, कालिका नगरपालिका वडा नं. १० अवस्थित कयर खोला माथि पक्की पुल निर्माण |
| प्रभाव पार्न सक्ने क्षेत्र | चितवन जिल्ला, कालिका नगरपालिका वडा नं. १० |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>रेडक्रसग्राम, चितवन,<br>बाग्मती प्रदेश, नेपाल<br>फोन नं.: +९७७-०५६-४१३१२७,४१३१३४, इमेलः kalikanagarpalika@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | एन.के.ए. इन्जिनियरीङ कन्सल्ट प्रा. लि.<br>तारकेश्वर, काठमाण्डौं<br>फोन नं. : ०१ – ४९५०१५६, इमेलः nkaengineering.consult@gmail.com |